# हलेसी तुवाचुङ नगरपालिका

# ꯖꯩꯆꯤ ꯊꯨꯋꯥꯆꯨꯡ ꯅꯒꯔꯄꯥꯂꯤꯀꯥ

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :०७७/७८
च.नं. : ६५४

दुर्छिम, खोटाङ
१ नं. प्रदेश, नेपाल

सूचना। सूचना।। सूचना।।।

**तेस्रो तथा अन्तिम पटक प्रकाशित मिति २०७७/०६/१२**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११घ(१) घ(२) र घ(६) समेतमा भएको व्यवस्था अनुसार हलेसी तुवाचुङ नगरपालिकाको नदीजन्य पदार्थ(संकलन र उपयोग) कार्यविधी, २०७६, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा यस नगरपालिकाको निर्णयानुसार देहायका शिर्षकहरुमा राजश्व असुली सम्बन्धी काम आ.व. २०७७/०७८ को लागि ठेक्काद्वारा गराउनका लागि दोस्रो पटक यो सुचना प्रकाशित गरिएको छ। सुचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पुरा गरी योग्य फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति समय भित्र शिलबन्दी बोलपत्र यस कार्यलयमा पेश गर्न अनुरोध छ। अन्य थप जानकारीका लागि कार्यलय समय भित्र कार्यलयमा सम्पर्क राख्न सकिने छ। नदीजन्य पदार्थ उत्खनन र घाटगद्दी गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्रआह्वान सम्बन्धी नागरिक दैनिक मा प्रथम पटक मिति २०७७।०३।२१ प्रकाशन र दोस्रो पटक मिति २०७७/५/२१ गरेकोमा आवेदन नपरेको हुँदा सम्बन्धी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (प ७) बमोजिम हलेसी नगरपालिकाले तोकेका तपसिलका नदीहरुको स्वीकृत घाटहरुबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी घाटगद्दी गर्न र घाटगद्दीबाट नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०७६।०७७ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्रपेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना तेस्रो पटक प्रकाशन गरिएको छ ।

तपसिल

| ठेक्का नं. | ठेक्काको नाम | कर उठाउने दररेट ( मु.अ.कर समेत) | | न्यूनतम ठेक्का रकम ( मु.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्रदस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १/०७७- ०७८(दुध कोशी नदीको महादेववेशी सल्ले) | ढुङ्गा, गिट्टी, बालुवा ग्राभेल उत्खनन, संकलन तथा बिक्री वितरण | ढुंगा, गिट्टी, बालुवा, ग्राभेल | रु. ६(छ)। प्रति घनफिट | रु. १५००००।- एक लाख पचास हजार मात्र) | कबोल अंकको ५% | १०००। |
| २/०७७- ०७८(दुध कोशी नदीको मंगलटार, पहरेवेशी ) | ढुङ्गा, गिट्टी, बालुवा ग्राभेल उत्खनन, संकलन तथा बिक्री वितरण | ढुंगा, गिट्टी, बालुवा, ग्राभेल | रु. ६ । (छ) प्रति घनफिट | रु.३५०००००।-(पौतिस लाख मात्र ।) | कबोल अंकको ५% | १०००। |
| ३/०७७- ०७८( दुध कोशी नदीको वडहरे घोपाटार वेशी ) | ढुङ्गा, गिट्टी, बालुवा ग्राभेल उत्खनन, संकलन तथा बिक्री वितरण | ढुंगा, गिट्टी, बालुवा, ग्राभेल | रु. ६।-(छ) प्रति घनफिट | रु.१०५००००।-(दश लाख पचास हजार मात्र) | कबोल अंकको ५% | १०००। |
| ४/०७७- ०७८( दुध कोशी नदीको | ढुङ्गा, गिट्टी, बालुवा ग्राभेल उत्खनन, | ढुंगा, गिट्टी, बालुवा, | रु. ६। प्रति घनफिट | रु.३२०००० (तिन लाख | कबोल अंकको ५% | १०००। |

प्रमुख प्रशासकीय अधिकृत

# हलेसी तुवाचुङ नगरपालिका

[illegible]

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :०७७/७८ | दुर्छिम, खोटाङ
च.नं. : ३४४ | १ नं. प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४/०७७- ०७८( दुध कोशी नदीको जयराम घाट) | ढुङ्गा, गिट्टी, बालुवा ग्राभेल उत्खनन, संकलन तथा बिक्री वितरण | ढुंगा, गिट्टी, बालुवा, ग्राभेल | रु. ६। प्रति घनफिट | रु.३२०००० (तिन लाख विष हजार मात्र) | कबोल अंकको ५% | १०००। |
| ५/०७७- ०७८( सुन कोशी नदीको वाइटार डिकुवा) | ढुङ्गा, गिट्टी, बालुवा ग्राभेल उत्खनन, संकलन तथा बिक्री वितरण | ढुंगा, गिट्टी, बालुवा, ग्राभेल | रु. ६। (छ) प्रति घनफिट | रु. ३००००००।-(तिष लाख मात्र) | कबोल अंकको ५% | १०००। |
| ६/०७७- ०७८( सुन कोशी नदीको दुर्छीम वतासेघाट) | ढुङ्गा, गिट्टी, बालुवा ग्राभेल उत्खनन, संकलन तथा बिक्री वितरण | ढुंगा, गिट्टी, बालुवा, ग्राभेल | रु. ६(छ)। प्रति घनफिट | रू. ८०००००।-(आठ मात्र) | कबोल अंकको ५% | १०००। |
| ७/०७७- ०७८( सुन कोशी नदीको धितुग भाडवेसी ) | ढुङ्गा, गिट्टी, बालुवा ग्राभेल उत्खनन, संकलन तथा बिक्री वितरण | ढुंगा, गिट्टी, बालुवा, ग्राभेल | रु. ६। (छ) प्रति घनफिट | रू. ५६००००।-(पाँच लाख साठी हजार मात्र) | कबोल अंकको ५% | १०००। |

नदीजन्य पदार्थहरु उत्खनन, घाटगद्दी र बिक्री वितरण गर्ने शर्तहरु:

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, बोलपत्रफाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा मछापुछ्रे बैक शाखा कार्यालय हलेसीमा रहेको यस कार्यालयको राजश्व खाता नं. ७७-०१-५२५-६५०९१७-२२-५ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रकाशन भएको मितिले ७ औ दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्रफाराम खरिद गर्न सकिनेछ र खरिद भएको बोलपत्रभरी ८ औ दिन दिनको १२:०० बजेसम्म यस कार्यालयमा दाखिला गर्नुपर्नेछ।

२. बोलपत्रभर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको माछापुच्छ्रे बैंक, हलेसी शाखामा रहेको धरौटी खाता नं. ७७-०१-५२४-६५०९१७-१२-८ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मिति १२० दिनकोम्याद सहित जारी गरिएको नेपाल राष्ट्र बैंकबाट बैक बाट मान्यता प्रास "क" वर्गको वाणिज्य बैंकको बैक जमानत विडवण्ड वा नगद शिलबन्दी बोलपत्र संलग्न गरी पेश गर्नुपर्ने छ। धरौटी वापत जम्मा गरेको रकमलाई किस्ता समावेश गर्न पाईने छैन र उक्त बैक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन वमोजिम फिर्ता गरिनेछ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्रअर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन।

४. रीतपूर्वक पर्न आएका बोलपत्रहरु बोलपत्रपेश गर्ने अन्तिम दिनको २ बजेदेखि कार्यालयका प्रतिनिधि, ठेकेदार वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ। ठेकेदार वा निजको प्रतिनिधि बोलपत्रखोल्ने समयमा उपस्थित नभएमा पनि बोलपत्रखोल्न बाधा पर्नेछैन।

५. नदीजन्य पदार्थहरु नदीबाट सोझै विक्रि विरतण नगरी घाटगद्दी गरिएको स्थानबाट मात्र गर्नुपर्नेछ।

६. कार्यालयको अनुमति विना हेभि इक्युप्मेन्ट प्रयोग गरी उत्खनन गर्न पाईने छैन।

७. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्रहरु स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन। बोलपत्रस्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

प्र. प्रमुख प्रशासकीय अधिकृत

# हलेसी तुवाचुङ नगरपालिका

[illegible]

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :०७७/७८
च.नं. : ३४४

दुर्छिम, खोटाङ
१ नं. प्रदेश, नेपाल

८. बोलपत्रस्वीकृत भएमा सोको सूचना पाएको मितिले १५ दिनभित्र ठेक्का कबोल गरेको रकम, सो रकमको नेपाल सरकारलाई बुझाउनु पर्ने निमयानुसार १३ प्रतिशत मु.अ.कर र आयकर रकम पेश गरी पट्टा उठाउनु पर्नेछ ।

९. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत हुनेछ ।

१०. यस नगरपालिकाका नदी तथा खोलाहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा नदीजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन, आर्थिक मामिला तथा योजना मन्त्रालय, १ प्रदेश एवं नेपाल सरकारबाट भएका निर्देशनहरु अभिन्न अंग रहनेछन् ।

११. नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्री वितरण कार्य नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाईनेछैन ।

१२. ठेक्का सम्झौता नगरी ठेक्का चलन गर्न पाईने छैन । नेपाल सरकार वा अदालतको आदेश/फैसलाबाट मिन्हा दिने सम्बन्धमा कुनै निर्णय गरेको अवस्था बाहेक ठेकेदारले ठेक्का सम्झौता पछि नगरपालिकालाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिन्हाको लागि दावी गर्न पाईने छैन ।

१३. कर, दस्तुर शुल्कको दर लगायत अन्य शर्तहरु बोलपत्रफाराममा उल्लेख गरिएको छ। नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित कानून बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो वापत बुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईनेछैन ।

१४. शुल्क उठाउने रसिदहरु ठेक्काले आफ्नै तर्फबाट छपाई यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

१५. ठेकेदारले मासिक रुपमा (३०/३०) दिनमा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । आय रकमको भुक्तानी देहायको तालिका बमोजिम हुनेछ ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु |
|---|---|---|
| पहिलो | ठेक्का सम्झौताको वखत | कबोल अंकको ३० प्रतिशतको दरले हुन आउने रकम |
| दोस्रो | २०७७ चैत्र मसान्त | कबोल अंकको ४० प्रतिशतको दरले हुन आउने रकम |
| तेस्रो | २०७८ जेठ मसान्त | कबोल अंकको ३० प्रतिशतको दरले हुन आउने रकम |

१६. ठेकेदारले प्रारम्भिक वातावरणीय परिक्षण IEE प्रतिवेदनमा दिएका रायसुझावहरु सम्बन्धित सरोकारवाला सबैलाई आफ्नै तर्फबाट जानकारी गराई सो को पालना गर्न लगाउनु पर्नेछ । यस कार्यमा लाग्ने आर्थिक भार ठेकेदार स्वयंमले व्यहोर्नु पर्नेछ ।

१७. ढुंगा, गिट्टी, बालुवा, ग्राभेल जस्ता नदीजन्य पदार्थ संकलन उत्खनन गर्ने पक्षले नेपाल सरकार मन्त्री परिषद्को निर्णयमा व्यवस्था भए अनुसार नगरपालिका क्षेत्र भित्रका जुनसुकै नदी/खोलाबाट नदीजन्य पदार्थ संकलन उत्खनन गरेपनि नगरपालिकाकोविक्री कर रोयल्टी बुझाउनुपर्ने छ ।

१८. विहान सुर्योदय भन्दा अगाडी र सांझ सुर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगद्दी स्थलमा प्रवेश गर्न पाईने छैन । यसरी नियम बिपरित गएमा ढुवानी साधनहरुलाई कानून बमोजिम कारवाही हुनेछ ।

१९. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ र नेपाल सरकारका अन्य प्रचलित कानून अनुसार हुनेछ ।

२०. खोला तथा नदीको घाटगद्दी स्थलमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी (साईनबोर्ड) ठेकेदार आफैले बनाई सवै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नुपर्नेछ ।

२१. नगरपालिकाबाट प्रमाणित गरी कर संकलन गरिएका नगदी रसिदहरुको अर्धकट्टी ठेकेदारले ३/३ महिनमा नगरपालिकामा जम्मा गर्नुपर्नेछ । उक्त नगदी रसिदसंग नदीजन्य पदार्थको कर संकलन गर्ने ठेकेदारले नदीजन्य पदार्थ उत्खननको एकीकृत परिमाण पनि पेश गर्नुपर्नेछ ।

२२. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा कानून बमोजिम हुनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

हलेसी तुवाचुङ नगरपालिका

[Newari script line]

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :०७७/७८
च.नं. : ३४४

दुर्छिम, खोटाङ
१ नं. प्रदेश, नेपाल

२३. ठेक्का सम्बन्धमा कुनै बिवाद परेमा नगर कार्यपालिकालेगरेको निर्णय अन्तिम हुनेछ ।

२४. प्रचलित नियमानुसार कालो सूचीमा परेका र नगरपालिकालाई बुझाउनु पर्ने बांकी बक्यौता भएका ब्यक्ति, फर्म तथा कम्पनीहरुको बोलपत्रउपर कुनै कारवाही हुनेछैन ।

२५. नेपाल सरकारको निर्णय, नगर सभा/नगर कार्यपालिकाद्वारा ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा सोही संशोधन बमोजिम ठेकेदारले कार्यान्वयन गर्नुपर्नेछ ।

२६. सूचना वा यस बोलपत्र फाराममा कुनै त्रुटी भएमा सो सम्बन्धमा नगर कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

२७. संकलन केन्द्र नदीबाट उत्खनन गर्ने घाटको किनारामा राख्नुपर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा संकलन केन्द्र राख्नुपर्ने भएमा नगरपालिकाकोपूर्व स्वीकृति लिएर मात्र राख्न पाईनेछ ।

२८. खोलाबाट निर्माण सामाग्रीहरु उत्खनन गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन अन्यथा नियमानुसार कार्यवाही हुनेछ ।

२९. ठेकेदारले यसमा भएका सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नुपर्नेछ र सोको अनुगमन नगर कार्यपालिकाको कार्यालयबाट हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लघंन भएको पाईएमा कार्यालयले ठेक्का तोड्न सक्नेछ र सोबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिन बाध्य हुनेछैन ।

३०. नदि खोलाबाट निर्माण सामाग्रीहरु उत्खनन र संकलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी, बालुवा आदि संकलन तथा ढुवानी गर्नुपर्ने छ ।

३१. निर्माण सामाग्रीहरु उत्खनन गर्न नदि खोलासम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नुपर्नेछ । सो वापत लागेको खर्च नगरपालिकामा दावी गर्न पाईनेछैन ।

३२. खोलाबाट निर्माण सामाग्रीहरु उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र अर्काको जग्गा, कूलो, बाँधमा क्षति नहुने गरी उत्खनन गर्नुपर्नेछ ।

३३. पुल, कलर्भट, कजवे, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुवैतर्फ ५०० मि.भित्र निर्माण सामाग्रीहरु उत्खनन गर्न पाईनेछैन ।

३४. मूख्य मार्गबाट बोल्डर, ग्राभेल, बालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालयसंग सम्पर्क र समन्वय राखी ठेकेदारले निर्माण गर्नुपर्नेछ ।

३५. नगरपालिकाबाट निर्धारण भएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर लिन पाईनेछैन र नगर कार्यपालिका कार्यालयबाट प्रमाणित गरिए बाहेकको रसिदहरु प्रयोग गरी आय संकलन गर्न पाईनेछैन । यदी कुनै त्यस्तो अनधिकृत रकम असुल गरेको वा अनधिकृत रसिद प्रयोग गरेको तथ्य कार्यालयबाट अनुगमन हुँदा वा अन्य कतैबाट भएको उजुरी उपर छानवीन गर्दा देखिएमा नियमानुसार कारवाही र सजाय हुनेछ ।

३६. ठेक्का सम्झौता भए पछि असोज १ गतेबाट देखि २०७८ जेष्ठ मसान्तको सांझ (सूर्यास्त) सम्म मात्र उत्खनन एवं संकलन समय अवधि हुनेछ ।

३७. चालु आर्थिक बर्षको तोकिएको अवधिभित्र उत्खनन गरी घाटगद्दी गरेको निर्माण सामाग्रीहरु २०७८ जेष्ठ मसान्त सम्म बिक्री वितरण गर्दा पनि मौज्दात बांकी रहेमा घाटगद्दी गरिएको सवै स्थानहरुमा रहेको मौज्दात नगर कार्यपालिकाको कार्यालयबाट स्थलगत अवलोकन गराई प्राविधिकबाट प्रमाणित गराउनुपर्नेछ ।

३८. उत्खनन स्थलबाट घाटगद्दी स्थलसम्म ढुवानी गरी चट्टा (पाइलिङ्ग) बनाउने जिम्मा ठेकेदारको हुनेछ ।

३९. उत्खनन पश्चात काम नलागने भनी छोडिएको निर्माण सामाग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगि पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार बदलिने गरी उत्खनन गर्न पाईनेछैन ।

नि. प्रमुख प्रशासकीय अधिकृत

# हलेसी तुवाचुङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :०७७/७८
च.नं. : ३२४

दुर्छिम, खोटाङ
१ नं. प्रदेश, नेपाल


४०. निर्माण सामाग्री उत्खनन तथा घाटगद्दी गर्ने कार्यमा संलग्न हुने कर्मचारी/कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामाग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन तथा घाटगद्दी गर्नुपर्नेछ ।

४१. ठेकेदारका कर्मचारी तथा कामदारहरुको कारण वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी कार्य गर्ने व्यवस्था ठेकेदारले नै मिलाउनुपर्नेछ ।

४२. यस नगरपालिकाको आन्तरिक आय तर्फको बोलपत्रको आवहान सम्बन्धी सूचनामा उल्लेखित आय ठेक्का नम्बर १ देखी ७ सम्मा सबै ठेक्का वा छुट्टा छुटै ठेक्का नम्बर खरिद गरि बोलपत्र दाखिला गर्न सकिनेछ ।

(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको website: http://halesituwachungmun.gov.np/मा समेत हेर्न सकिनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत